## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** दे.पु.नं. ०६८-CI-१२७९, उत्प्रेषण, परमादेश, *मोहनप्रसाद मेहतासमेत वि. जिल्ला प्रहरी कार्यालय, सुनसरीसमेत*

प्रचलित कानूनबमोजिम अपराध अनुसन्धान गर्न अधिकारप्राप्त निकाय जिल्ला प्रहरी कार्यालयसमक्ष दर्ता भएको जाहेरीको आधारमा अनुसन्धान भई मुद्दा चलाउन अधिकारप्राप्त सरकारी वकील कार्यालयबाट अभियोग पेश भई जिल्ला अदालतसमक्ष दर्ता भएको र त्यस्तो कसूरको अभियोगमा निरोपण गर्न सक्षम जिल्ला अदालतले प्रचलित कानूनबमोजिम पुनरावेदकहरूको नाउँमा वारेन्टसहितको म्यादी पूर्जीसमेत जारी गरी मुद्दाको कारवाही प्रारम्भ भएको भन्ने देखिन्छ । जिल्ला अदालतसमक्ष दायर भई विचाराधीन अवस्थामा रहेको अभियोगपत्र कानूबमोजिमको हदम्यादभित्र छ वा छैन भन्ने सम्बन्धमा मिसिलको तथ्यगत अवस्थाहरूको विश्लेषण गरी सम्बन्धित जिल्ला अदालतले नै निरोपण गर्ने विषय हो । त्यस्तो मातहतको अदालतमा विचाराधीन विषयको सम्बन्धमा रिट क्षेत्रबाट हस्तक्षेप गरी बोल्ने हो भने सो मुद्दाको कारवाहीमा प्रत्यक्ष असर पर्ने हुन्छ । यसरी तल्लो अदालतको विचाराधीन विषयलाई रिट क्षेत्रबाट निरोपण गर्न नमिल्ने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ साल असोज २१ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६८-WH-००७९, बन्दीप्रत्यक्षीकरण, *विजयकुमार महतोको हकमा मातृका भट्टराई वि. जिल्ला प्रहरी कार्यालय, सुनसरीसमेत* भएको मुद्दामा पनि यसैअनुसार निर्णय भएको छ ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-WO-०५८४, उत्प्रेषण, परमादेश, *रामसुन्दर रघु श्रेष्ठ वि. ठाकुरबहादुर बस्नेतसमेत*

विपक्षीलाई रू. १४,५८०।- बराबरको रकम भरिभराउ गर्नुपर्ने आफ्नो कानूनी दायित्वलाई स्वीकार गरेपछि निवेदकलाई भरिभराउ गर्ने प्रयोजनको लागि धरौटी रहेको नगद रकमबाट विपक्षी ठाकुरबहादुर बस्नेतलाई भरिभराउ गर्दा के कति कारणले अन्याय पर्‍यो, निवेदनमा खुल्न सकेको पाइँदैन । धरौटमा रहेको नगद रकमबाट भराउन नहुने र अचल सम्पत्तिबाट भराउनु पर्ने भन्ने निवेदकको जिकीर हेर्दा नियतवस न्यायिक प्रक्रियालाई अल्मल्याई विपक्षीलाई दुःख दिने उद्देश्य बाहेक अरू केही नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल मंसिर १८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-CR-०४१९, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. साने भन्ने समीर लिम्बू*

जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा घटना मैले देखेको होइन, ज्यान मार्ने उद्देश्यले हिर्काए जस्तो लाग्दैन भन्नेसमेत व्यहोरा उल्लेख गरेको पाइन्छ । न्यूरो हस्पिटलको डिस्चार्ज समरीमा टाउकोमा Haematoma भएको र Linear fracture भएको देखिन्छ । उक्त चोटको प्रकृति सामान्य नभई गम्भीर भए पनि प्रतिवादीले मार्ने मनसायले पीडितलाई प्रहार गरी मार्नेसम्मको कार्य गरेको र तेस्रो पक्षको हस्तक्षेपबाट पीडितको ज्यान बच्न गएको तथ्य स्थापित नभएको हुँदा पीडितलाई पुग्न गएको चोटको अवस्थाले मात्र ज्यान मार्ने उद्योगको वारदात भएको स्थापित हुन नसक्ने हुँदा प्रस्तुत वारदात कुटपीटमा परिणत हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल कात्तिक २२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६८-WO-०१३८, परमादेशसमेत, *विनोदकुमार भट्टराई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तुमाथि हुनसक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्ने समेतको उद्देश्यले निर्मित वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ मा कसैले पनि वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी जनजीवन र जनस्वास्थ्यका लागि खतरा पुऱ्याउने गरी फोहोर मैला निष्काशन गर्नु हुँदैन भन्ने व्यवस्था गरेको देखिँदा धोवीखोलामा प्रत्यक्ष रूपमा ढल जोडी सो खोलामा मलमूत्र निष्काशन गरी सो धोबीखोला र त्यसको वरपरको वातावरण प्रदूषण गर्ने कार्यबाट संविधानको धारा १६(१) र धारा ३४(५) तथा वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ ले अंगीकार गरेको संवैधानिक तथा कानूनी व्यवस्थाको पालना नभएको प्रष्ट देखिने ।

बागमती नदीको सहायक नदीको रूपमा रहेको धोबीखोलामा प्रत्यक्ष रूपमा ढल जोडी मलमूत्र समेतको निष्काशन भैरहेको भन्ने देखिएको, त्यसबाट उक्त धोबीखोला खुला ढलको रूपमा परिवर्तन भएको देखिन आएको र सो कार्यबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(१) र धारा ३४(५) तथा वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ समेतको पालन विपक्षी राज्यको निकायबाट हुन नसकेको कारण नेपालको अन्तरिम संविधान, २०६३ को उल्लिखित धारा १६(१) द्वारा प्रत्येक व्यक्तिलाई प्राप्त स्वच्छ वातावरणमा बाँच्न पाउने हकमा समेत आघात पुग्न गएको देखिएकोले उक्त धोबीखोलालाई स्वच्छ तुल्याउन के कस्तो व्यवस्था गर्नुपर्दछ यथाशीघ्र गर्नु भनी विपक्षीहरूको नाममा परमादेशसहितको निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल जेठ २४ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६७-WO-०११३६, परमादेश उत्प्रेषणसमेत, *राजाराम श्रेष्ठ वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कुनै सार्वजनिक निकाय वा पदाधिकारीले कानूनबमोजिम तोकिएको आफ्नो काम, कर्तव्य पूरा नगरेमा वा गर्नबाट इन्कार गरेमा र सोबाट कुनै व्यक्तिको संविधान वा कानूनप्रदत्त हक अधिकारमा आघात परेको देखिन आएमा सो तोकिएको काम, कर्तव्य पूरा गर्न लगाई व्यक्तिको आघातीत हक अधिकारको प्रचलन गराउन

परमादेशको आदेश जारी गर्ने गरिन्छ । प्रस्तुत विवादमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९(४) मा उल्लिखित कानूनी व्यवस्थाबमोजिम ज्येष्ठ नागरिकहरूले उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छूट दिनुपर्ने स्वास्थ्य सेवा प्रदान गर्ने संस्था र ज्येष्ठ नागरिकको संख्यासमेत तोक्नु पर्नेमा नतोकी उल्लिखित दफा ९(४) को पालना विपक्षी राज्यका निकायबाट नभएको कारणबाट ज्येष्ठ नागरिकलाई उल्लिखित ऐनको दफा ९(४) ले प्रदान गरेको कानूनी अधिकार (Legal Right) मा आघात पुग्न गएको देखिएकोले प्रचलित ज्येष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५ मा जे जस्तो संशोधन गर्नुपर्छ गरी ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९(४) ले ज्येष्ठ नागरिकहरूलाई प्रदान गरेको सुविधा चाँडो उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल जेठ २४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६४-CI-०९७८, छूट जग्गा दर्ता, *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट सचिव माधवप्रसाद पौडेल वि. मु.स. गर्ने श्रीमती अतिकुमारी थापाक्षेत्री*

जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छूट भएकोमा उक्त जग्गाको साविक दर्ता तिरो र भोगसमेतको आवश्यक छानबीन गरी तोकिएबमोजिमको प्रक्रिया अपनाई त्यस्तो जग्गा दर्ता गर्नसक्ने अधिकार मालपोत कार्यालयलाई मालपोत ऐन, २०३४ को दफा ७(२) ले प्रदान गरेको देखिन्छ । तर एकपटक नाप नक्सा भई दर्तासमेत भैसकेको जग्गालाई पुनः छूट दर्ता गर्नसक्ने अधिकार सो ऐनले मालपोत कार्यालयलाई भएको देखिँदैन । निवेदकहरूले छूट दर्ता गरिपाऊँ भनी माग गरेको उक्त कि.नं. ११५ को ६-११-३-२ जग्गा एक पटक नापनक्सा भई नेपाल सरकारको नाममा दर्तासमेत भैसकेको देखिएको अवस्थामा पुनः सोही जग्गाको साविक दर्ता तिरो भोगसमेत छानबीन गरी मालपोत कार्यालयले छूट दर्ता गरिदिन सक्ने अवस्था नदेखिने ।

विवादित कि.नं. ११५ क्षेत्रफल रोपनी ६-११-३-२ जग्गा २०२९ सालमा नापी भई फिल्डबुकमा बगर भन्ने जनिई मालपोत कार्यालय, तनहुँको मिति २०५१।१।१४ को निर्णयबाट नेपाल सरकारको नाममा दर्ता स्रेस्ता पूर्जासमेत तयार भएको सरकारी जग्गा हो भन्ने देखिएको र यसरी सरकारको नाममा दर्ता भैसकेको जग्गा सबूद प्रमाण बुझी व्यक्ति विशेषका नाममा छूट दर्ता गर्नसक्ने अधिकार मालपोत कार्यालयलाई रहे भएको नदेखिएकोमा आफूसँग भएको सबूद प्रमाणसहित सम्बन्धित जिल्ला अदालतमा दर्ता बदरतर्फ फिराद लिई जानुपर्नेमा सो नगरी उक्त विवादित कि.नं. ११५ को सरकारी जग्गा छूट दर्ता गरिपाऊँ भनी परेको प्रत्यर्थीको निवेदन तामेलीमा राखी दिने गरी भएको मालपोत कार्यालय, तनहुँको निर्णय सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CR-०३८०, नेपाली नागरिकता प्रमाणपत्र रद्द गरी नेपाली नागरिकताबाट हटाउने, *सहदेव साह तेलीसमेत वि. नेपाल सरकार*

पुनरावेदकहरूका काका रामसुन्दर साह र रामलक्ष्मण साह यी पुनरावेदकहरूका पिता बहादुर साहका दाजुभाइ भई निजहरू वंशजको आधारमा नेपाली नागरिक भएको देखिँदा पुनरावेदकहरूका पिता बहादुर साहलाई नेपाली नागरिक होइन भन्न मिल्ने देखिएन । अर्थात् पुनरावेदकहरूका पिता बहादुर साह पनि नेपाली नागरिक भएको देखिन आयो । साथै पुनरावेदकहरू सहदेव र पुरन साहको नाममा जग्गा भएको र अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्ने उपाध्यक्ष लक्ष्मण यादव, गम्भिरा यादवले यी पुनरावेदकहरू वंशजको नाताले नेपाली नागरिक हुन् भनी लेखाएको देखिन्छ । मिसिल संलग्न बसाई सराई दर्ता प्रमाणपत्रको प्रतिलिपि हेर्दा पुरन साह धनुषाको बेगासिवपुरबाट सपहीमा २०३५ सालमा बसाई सरी गएको भन्ने उल्लेख भएको देखिन्छ । यस्तो अवस्थामा एउटै परिवारका यी पुनरावेदकहरूका काका नेपालको नागरिक हुने र यी पुनरावेदकहरू नेपाली नागरिक नहुने भन्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुङ्गाना

इति संवत् २०६९ साल जेठ २९ गते रोज २ शुभम् ।

**इजलास नं. २**

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६६-CR-००७६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मिधनबहादुर रास्केमगरसमेत*

साविती बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि र समर्थित नभएसम्म प्रहरीमा भएको साविती बयानलाई मात्र प्रमाणमा लिई प्रतिवादीलाई कसूरदार ठहऱ्याउनु न्यायोचित् हुने देखिँदैन । साविती बयान आफैंमा महत्वपूर्ण प्रमाण भए तापनि साविती बयान मात्र अभियोग पुष्टि गर्ने आधार बन्न सक्दैन । साविती बयानलाई मात्र अभियोग पुष्टि गर्ने आधार बनाइयो भने त्यसले फौजदारी न्याय प्रणालीमा थुप्रै जटिलतालाई निम्त्याउन सक्छ । यसबाट अनुसन्धान एवं अभियोजन पक्षले आफ्नो दावी प्रमाणित गर्नका लागि अन्य प्रमाणहरूको संकलन र विश्लेषण गर्नमा भन्दा अभियुक्तलाई साविती गराउन बाध्य पार्ने सम्भावनालाई बल पुऱ्याउन सक्ने सम्भवनालाई नकार्न सकिँदैन । जसले वास्तविक अपराधी उम्कने र अनुसन्धानको क्रममा अभियुक्तको रूपमा उपस्थित भएका व्यक्ति दण्डित हुनुपर्ने अवस्था सिर्जना हुन सक्छ । तसर्थ साविती बयान अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन आएको नदेखिएको अवस्थामा प्रतिवादीले आरोपित कसूर गरेको ठहऱ्याई सजाय गर्नु न्यायसंगत् नहुने ।

प्रतिवादीहरूले मृतकको ज्यान लिने मनसायले कुटपीट गरी मारेका हुन् भनी तथ्यपूर्ण एवं शंकारहित प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिएबाट प्रहरीमा सावित भएको एकमात्र कारणबाट प्रतिवादीहरू मिधनबहादुर, धनबहादुर र देवबहादुरलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम कसूरदार ठहऱ्याई सजाय गर्न नमिल्ने ।

प्रतिवादीहरूको कसूरको मात्रा हेर्दा मृतकलाई पछ्याउँदै जाँदा बाटोमा प्रतिवादी धनबहादुरले मृतकलाई एक दुई थप्पड हानेका थिए भनी प्रतिवादी धनबहादुरका बाबु मिधनबहादुरले अदालतमासमेत पोली बयान

गरेको देखिन्छ । मृतकलाई धनबहादुरले थप्पड नहानेको भए निजका बाबुले नै पोली बयान गर्नुपर्ने अवस्था आउने थिएन । मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा पानीमा डुबेको कारण श्वास प्रश्वास बन्द हुन गई मृत्यु हुन गएको र मृतकको शरीरमा घाउचोट नदेखिएको भनी उल्लेख भएबाट प्रतिवादीहरूले मृतकलाई ढुङ्गाले समेत हानी कुटपीट गरेको भन्ने पुष्टि हुन आएन । मृतकलाई लखेट्दै जाँदा निजको खोलामा खसी पानीमा डुबेर मृत्यु होला भनी नसोचेको अवस्थामा भवितव्य पर्न गई मृतकको मृत्यु हुन पुगेको देखिन्छ । उक्त वारदातमा भाग्ने र भगाउने क्रममा मृतक पानीमा डुब्न गई सोही कारणबाट निजको मृत्यु हुन गएको देखिएबाट कसूरको मात्राअनुसार हेलचेक्र्याईपूर्वक मृतकलाई लखेट्दै बाटोमा एक दुई थप्पड हिर्काउने प्रतिवादी धनशकादुरलाई दुई वर्ष कैद तथा मृतकलाई लखेट्ने कार्यमा संलग्न प्रतिवादीहरू मिधनबहादुर र देवबहादुरलाई रू. ५००।- जरीवाना गर्ने गरी निजहरू बाहेकका अन्य प्रतिवादीहरू गुनबहादुर र उत्तम सिंहको वारदातमो कुनै संलग्नता रहेको भन्ने मिसिल संलग्न कागजातबाट नदेखिएकोले निजहरूलाई सफाइ दिने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल पुस १ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-CI-१०५८, अंश जोत हक कायमसमेत, *मु.स. गर्ने र आफ्नो हकमा समेत राम श्यामासमेत वि. मु.स. गर्ने र आफ्नो हकमासमेत केदार श्यामासमेत*

वादी पूर्णमाया श्यामा, दशराम श्यामासमेत फिरादी भई तरीमाया श्यामा, विष्णुभक्त श्यामा, केदार श्यामासमेत उपर दायर गरेको गुठी जग्गाको जोताहा हक कायम मुद्दाको निर्णय नगरी यथावत् राखी प्रस्तुत मुद्दाको मात्र निर्णय गरेको भूमिसुधार कार्यालय, भक्तपुरको मिति २०६६।१०।२७ को निर्णय मिलेको नहुँदा बदर गरिदिएको छ । अब जो जे बुझ्नु पर्ने बुझी प्रस्तुत मुद्दा र वादी कृष्णभक्त श्यामा प्रतिवादी तरीमाया श्यामा समेत भएको गुठी जग्गाको जोताहा हक कायम मुद्दाकोसमेत मिसिल खडा गरी दुबै मुद्दा एकैसाथ यथाशीघ्र निर्णय गर्नका लागि उपस्थित पक्षलाई तारिख तोकी प्रस्तुत मुद्दाको मिसिल भूमिसुधार कार्यालय, भक्तपुरमा पठाई दिने ।

इजलास अधिकृतः नारायण पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल मंसिर २९ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CR-०३६३, मूल्य अभिवृद्धि कर (२०५५-२०५७), *नवराज भण्डारी वि. श्रीराम सुगर मिल्स लिमिटेडको तर्फबाट अधिकारप्राप्त राजनप्रसाद उपाध्याय*

पुनरावेदकले प्रत्यर्थीले आफ्नो व्यवसायमा प्रयोग गर्नुपर्नेमा नगरी ढुवानीकर्ताले व्यहोर्नु पर्ने रकम करदाताले व्यहोरेकोले कर छूट नपाउने भनी जिकीर लिएको भए पनि प्रत्यर्थी करदाता र ढुवानीकर्ताबीच ढुवानी गर्दा करदाता मिल्सले डिजेल उपलब्ध गराउनु पर्ने गरी सम्झौता भएको मिसिल संलग्न सम्झौतापत्र समेतबाट देखिन्छ । कारखानाले कारोवारसँग सम्बन्धित कार्यमा डिजेल प्रयोग गरेको देखिएको र डिजेल कारखानाले नै ढुवानीकर्तालाई उपलब्ध गराएको देखिएको अवस्थामा असम्बन्धित

व्यक्तिले डिजेल प्रयोग गरेको, ढुवानीकर्ताले नै तिर्नपर्ने रकम प्रत्यर्थी मिल्सले तिरेकोले कर कट्टी सुविधा नपाउने भनी आन्तरिक राजश्व कार्यालयले गरेको निर्णयसमेत तर्कसंगत नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल पुस २२ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CI-११०८, ०६७-CI-१२४२, हक कायम दर्ता, हक कायम, *विनयकुमार शाक्य वि. गणेशबहादुर प्रधानसमेत, गंगादेवी प्रधानसमेत वि.विनयकुमार शाक्यसमेत*

वादी पुनरावेदकले दावीको जग्गा निजी गुठी हो भनी देखिने गुठीपत्र, दानपत्र, आदि वा सन्तान दरसन्तानले निजी गुठीको भोग गरी आएको भन्ने बण्डापत्र, बकसपत्र वा अन्य त्यस्तै तथ्यपूर्ण कागजसमेत पेश गर्न नसकी के कुन प्रयोजनको लागि को कसले र कहिले विवादित जग्गा निजी गुठी राखेको थियो सो भन्न र देखाउन समेत सकेको पाइँदैन । नापीको अवस्थामा पुनरावेदकले कि.नं. ८२ को जग्गा आफ्ना नाउँमा दर्ता गराउन वा फिल्डबुकमा आफ्नो नाम लेखाउन नसकेको अवस्था एकातिर छ भने विवादित जग्गा यी गणेशबहादुर प्रधानसमेतको हक भोगको हो भनी हकको निश्चित स्रोत तथ्यपूर्ण प्रमाणसमेत पेश गर्न सकेको देखिँदैन । कुनै जग्गामा आफ्नो हक कायम हुन साविक दर्ता स्रेस्ता, हकभोग वा लिखतको प्रमाण पेश गर्न सक्नुपर्नेमा सोसमेत पेश गर्न सकेको नदेखिँदा दावीको कि.नं. ८२ को जग्गामा आफ्नो हक कायम हुन नसक्ने ।

इजलास अधिकृतः वासुदेव पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल साउन ३१ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६६-CI-११०९, २०६७-CI-१२४४, हक कायम दर्ता, *मु.स. गर्ने विनयकुमार शाक्य वि. दिवाकर लाल झासमेत, मणिराम बहादुर प्रधानसमेत वि. मु.स. गर्ने विनयकुमार शाक्य* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।
- यसै प्रकृतिको ०६६-CI-११०७, ०६७-CI-१२४३, हक कायम दर्ता, हक कामयसमेत, *मु.स. गर्ने विनयकुमार शाक्य वि. दिवाकरलाल झासमेत, गंगादेवी प्रधानसमेत वि. प्रभाकरलाल झासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CI-०४२५, दर्ता बदर, *दिव्यरत्न मानन्धर वि. सेतीमाया डंगोलसमेत*

दर्ता हुन छूट भएको आफ्नो हकको जग्गा भए कानूनबमोजिम आफ्नो नाउँमा उक्त जग्गा दर्ता गर्नेतर्फ यी वादीले यथासमयमा कारवाही चलाउनु पर्नेमा त्यसतर्फ पुनरावेदक वादीबाट कुनै कारवाही भए गरेको देखिँदैन । यसका अलावा विवादित कि.नं. ४३ र ५४ को जग्गाका मोही प्रतिवादीहरूले जग्गा दर्ताको लागि निवेदन दिएपश्चात् मालपोत कार्यालय, चाबहिलको मिति २०५६।६।२७ को गोरखापत्रमा उक्त जग्गाको सम्बन्धमा ३५ दिने हकदावीसम्बन्धी सूचना प्रकाशित गर्दासमेत यी पुनरावेदक वादीको दावी विरोध गरेको नदेखिँदा आफ्नो हकको जग्गा भए कानूनबमोजिम आफ्नो नाउँमा दर्ता गर्नेतर्फ कारवाही चलाउने तथा अरू व्यक्तिले दर्ता गराउन लागेको भए तत्सम्बन्धमा उजूरबाजुर गर्नुपर्नेमा

यी दिव्यरत्न मानन्धरले सो केही गरेको नदेखिएबाट आफ्नो हकप्रति समयमै सचेत नरहने व्यक्तिलाई अदालतले सहयोग गर्न नसक्ने ।

बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७क(१) मा "ख" श्रेणीको जग्गा कमाउने व्यक्तिले यो दफा प्रारम्भ भएपछि नेपाल सरकारले तोकेको म्यादभित्र आफूसँग भएको वा आफूले जाने बुझेसम्मको सबूद प्रमाण र सो जग्गाको कित्ता नम्बर, चारकिल्ला, बिर्तावालाको नाम, थर, वतन कुतबाली, तीरोसमेत खुलाई त्यस्तो जग्गा आफ्नो नाममा दर्ता गर्नको लागि सम्बन्धित जिल्लाको मालपोत कार्यालयमा दरखास्त दिनुपर्नेछ" भन्ने उल्लेख भएको र सोही ऐनको दफा १२क मा "२०४९ असार मसान्तसम्ममा कसैको नाउँमा रैकर परिणत गरी दर्ता भैसकेको "ख" श्रेणी बिर्ता जग्गा सो जग्गा कमाउने व्यक्तिका नाउँमा मात्र दफा ७क बमोजिम दर्ता गरिनेछ । सो अवधिपछि कुनै बिर्तावालाको नाउँमा "ख" श्रेणीको बिर्ता जग्गा दर्ता गरिने छैन र दर्ता भएको रहेछ भने पनि मान्यता हुने छैन" भन्ने कानूनी व्यवस्थाअनुसार २०४९ सालसम्म पनि विवादित जग्गाको जग्गाधनी यी पुनरावेदक दिव्यरत्न मानन्धरले आफ्नो नाउँमा जग्गा दर्ताको लागि कुनै कारवाही नचलाएपछि प्रतिवादीको निवेदन मागअनुसार प्राप्त प्रमाणका आधारमा मोही कुलबहादुरका सन्तान यी प्रतिवादी सेतीमाया डंगोलसमेतको संयुक्त नाउँमा विवादित जग्गा रैकर परिणत दर्ता गरिदिने ठहऱ्याई मालपोत कार्यालय, चाबहिलबाट मिति २०५६।८।२३ मा निर्णय भएको देखिएकोले उक्त निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

विवादित जग्गाको मोही कुलबहादुर डंगोल भएकोमा विवाद नदेखिएको, कुलबहादुरको मृत्युपश्चात् निजका हकदार प्रतिवादीहरूले उक्त जग्गा जोतभोग गरी आएको देखिएको, विवादित जग्गाको जग्गाधनी नयाँ सडक प्यूखा बस्ने भाइचा साल्मी भन्ने उल्लेख भएकोमा उक्त व्यक्ति यी पुनरावेदक नै हुन् भन्ने तथ्यपूर्ण प्रमाण मिसिलबाट नदेखिएको, विवादित जग्गा आमा हरिलक्ष्मी मानन्धरको हा.नं. १२९४ को लगतसँग भिड्ने भनी वादी पुनरावेदकले दावी लिए पनि सो लगतसँग मिल्ने भिड्ने प्रमाण वादीबाट पेश भएको नदेखिएको, मोहीले विवादित जग्गा दर्ता गर्ने कारवाही चलाउँदा प्रकाशित भएको हकदावीसम्बन्धी सूचनामा पुनरावेदकको दावी विरोध परेको नदेखिएको, विवादित जग्गा बिर्ता जग्गा हो भन्ने सर्जमीनसमेबाट देखिएको तथा बिर्ता जग्गा जग्गाधनीले ऐनले तोकिएको समयावधिभित्र दर्ता नगरेमा मोहीले रैकर परिणत दर्ता गराई लिन पाउने कानूनी व्यवस्था देखिएको र सोही कानूनी व्यवस्थाअनुसार विवादित कि.नं. ४३ र ५४ को जग्गा प्रतिवादीहरूका नाउँमा रैकर परिणत गरिदिने ठहऱ्याई मालपोत कार्यालय चाबहिल काठमाडौंबाट निर्णय भएको देखिएकोले विवादित जग्गा मेरो नाउँमा दर्ता गरिपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः वासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल असोज २२ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,**
०६४-CI-०८५१, परमादेश *चन्द्रबहादुर भट्टराई वि. जिल्ला प्रहरी कार्यालय, मोरङसमेत*

पुनरावेदक सीता कैनी विपक्षी जिल्ला प्रहरी कार्यालय, तनहुँ भएको २०६८-DF-०००१, परमादेश, मुद्दामा (*नेकाप* २०६९, असोज, नि.नं. ८८३०, पृष्ठ ८७३) व्याख्या भै सैनिक ऐनअन्तर्गतको कसूर बाहेक अन्य प्रचलित कानूनबमोजिम अपराध मानिने कुनै कसूर गरेमा वा सो विषयमा सम्बन्धित निकायमा कसैको जाहेरी परेमा त्यस्तो जाहेरीमा नाम किटिएको वा सो अपराधमा संलग्न रहेको देखिएको जुनसुकै सैनिक कर्मचारीलाई अपराध अनुसन्धान गर्न प्रचलित कानूनबमोजिम अधिकारप्राप्त निकायसमक्ष उपस्थित गर्नु गराउनु सम्बन्धित प्रहरी कार्यालय र सैनिक कार्यालयसमेतको दायित्व हुने । जाहेरी दरखास्तमा नाम किटिएका व्यक्तिहरू नेपाली सेनामा कार्यरत् रहेको एक मात्र कारणले लामो समयसम्म सो जाहेरीको विषयमा प्रभावकारी अनुसन्धान नहुनुलाई सामान्य मान्न नसकिने भनी यस अदालत पूर्ण इजलासबाट निर्णय भएको देखिन्छ । उल्लिखित परिदृष्यमा पुनरावेदन अदालत विराटनगरको मिति २०६४।६।१४ को निर्णय आदेश उल्लिखित प्रतिपादित नजीर तथा प्रचलित कानूनसमेतको प्रतिकूल देखिँदा प्रतिपादित सिद्धान्त, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ को कानूनी व्यवस्था समेतको आधारमा निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालतको निर्णय आदेश त्रुटिपूण देखिँदा उल्टी हुन्छ । निवेदन मागबमोजिम निवेदकबाट पेश भएको जाहेरी दरखास्त दर्ता गरी आवश्यक कारवाही गर्नु भनी प्रत्यर्थीका नाउँमा परमादेश जारी हुनुपर्नेमा निवेदन मागबमोजिम निजले पेश गर्न ल्याएको जाहेरी दरखास्त कानूनबमोजिम गरी अनुसन्धानको कार्य गर्नु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल पुस १ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-००६५, हक कायमसमेत, *ज्ञानुमैया सिलवाल वि. नानीमैया खड्का*

जग्गाधनी र मोहीबीच भूमिसुधार कार्यालयमा जग्गा बाँडफाँड गर्दा साविक कित्ता नं. १९३ को मोही होमबहादुर खड्का भएकोमा सो कित्ता जग्गाधनीले कित्ताकाट गरी छोराहरू सन्तोष खड्कालाई कि.नं. ३२६ ज.रो. ०-२-२-० र राजन खड्कालाई कि.नं. ३२७ ज.रो. ०-२-२-० दिई कि.नं. ३२८ नानीमैयाको नाममा रहेको देखियो । यी तीनवटै जग्गामा मोही होमबहादुर नै रहेकोमा मोही र जग्गाधनीबीच जग्गा बाँडफाँड गर्दा जग्गाधनीहरू सगोलमा रहेको हुँदा दुई कित्ता जग्गाको क्षेत्रफल थोरै भएकोले सहमतिमा मोही होमबहादुर खड्कालाई मोही हकवापत कित्ता नं. ३२८ को पूर्वतर्फबाट ०-५-० जग्गा दिने, सोको बाँकी र अन्य ३२६ तथा ३२७ का कित्तामा मोही हक जग्गाधनीलाई जोत छोडपत्र गर्ने, कित्ताकाट गर्दा क्षेत्रफल घटबढ भए नानीमैयाले व्यहोर्ने व्यहोरा उल्लेख गरी मोही होमबहादुर खड्का, जग्गाधनी नानीमैया खड्का सन्तोष खड्का र राजन खड्काले संयुक्त निवेदन दिई कार्यालयसमक्ष सनाखत समेत गरेको पाइयो । सोही आधारमा भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँड तथा जोत लगत कट्टा गर्ने गरी मिति २०५५।२।११ मा निर्णय भएको देखियो । यिनै मोही होमबहादुरबाट निजको छोरी यी वादी ज्ञानुमैयाले पाँच आना जग्गा

हा.व.द्वारा प्राप्त गरेको देखिन्छ । जग्गाधनीले मोहीलाई जग्गा बाँडफाँड गर्दा स्पष्ट रूपमा कित्ताकाट गर्दा घटबढ भएमा जग्गाधनीले व्यहोर्ने शर्त उल्लेख गरी त्यसमा सहमति जनाएको कुरामा कुनै विमति देखिँदैन । साथै कि.नं. ३२६ र ३२७ का कुल पाँच आना जग्गामा होमबहादुर खड्काले यसै कारवाहीका आधारमा मोहियानी छाडी दिएबाट ती मोहीरहित अर्थात् मोही लगत कट्टा अवस्थामा रहेको तथ्य पनि मिसिलबाटै स्थापित छ । प्रमाण ऐन, २०३१ को दफा ३४ को आधारमा स्वीकारेको कुरा पालना गर्न विवन्धित हुन्छन् । यसबाट मोहीलाई पाँच आना जग्गा पुऱ्याएपछि मात्र बाँकी रहेको जगामा जग्गधनीको हक पुग्ने देखिन्छ । आफूले लिखित रूपमा स्वीकारेको कुराबाट जग्गाधनी विचलित हुन पाउँदैनन् । कुनै कुराबाट लाभ प्राप्त गरेपछि त्यो कुरालाई इन्कार गर्न मिल्दैन । मोहीले पाँच आना जग्गा कि.नं. ३२८ बाट पाउनुपर्ने उल्लेख भई जग्गाधनीले सो कित्ताबाट बेचेको घटीबढी जे जति छ सो व्यहोर्ने उल्लेख भएपछि मोही जग्गा प्राप्तिको पहिलो हकदार बन्दछ । पहिलो हकदारलाई भनेजति जग्गा पुऱ्याई दिन जग्गधनी बाध्य छ ।

अब विवादित जग्गा कसको रहेछ भनी अदालतबाट भएको मिति २०६१।१२।१८ को नक्सा मुचुल्का हेर्दा यी वादीले प्राप्त गरेको जग्गा न.नं. ७ र ९ मा उल्लेख भएको देखिन्छ भने प्रतिवादीले आफ्नो भनेको र वादीले पनि आफ्नो भनेको विवादित जग्गा न.नं. ८ मा जनिएको देखियो । यी तीनवटै न.नं. को क्षेत्रफल जोड्दा जम्मा ज.रो. ०-४-३-३¼ जग्गा देखिई कि.नं. ३२९ को साविकको सर्भे नक्सामा उल्लिखित सात आनाभन्दा फिल्डमा कम जग्गा देखिन्छ । यही आभास भएर नै भूमिसुधार कार्यालयमा दिइएको निवेदनमा मोही यस मुद्दाको वादीका दातालाई पाँच आना जग्गा पूर्वतर्फबाट दिन बाँकी घटबढ जे जति बाँकी रहन्छ त्यो जग्गाधनी अर्थात् यस मुद्दाको प्रतिवादीको हुने लेखिएको हुनुपर्दछ । कुनै पनि शर्त निवेदन वा मिलापत्रमा बिनाकारण लेखिँदैन । अहिले आएर जग्गाको क्षेत्रफल समाती फिराद गर्नु र त्यसलाई मान्यता दिनु न्यायसंगत् कुरा  होइन । विवादित न.नं. ८ को जग्गा जोड्दा पनि वादीले प्राप्त गरेको पाँच आना जग्ग नपुगेको स्थितिमा न.नं. ८ को जग्गा वादीकै देखिएकोले वादीको जग्गालाई प्रतिवादीले आफ्नो भनी जिकीर गरी खिचोला गरेको देखिएको अवस्थामा उल्टो वादीले खिचोला गरेको ठहऱ्याएको शुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण देखियो ।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट भूमिसुधार कार्यालयको जग्गा बाँडफाँडबमोजिम प्राप्त गरेको विवादित न.नं. ८ को जग्गामा प्रतिवादी अर्थात् जग्गाधनी नानीमैया खड्काले खिचोला गरेको देखिँदा वादी दावीबमोजिम हक कायम भै खिचोला मेटाई चलनसमेत पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल पुस १ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६८-CI-००६४, खिचोला मेटाई हक कायमसमेत, *ज्ञानुमैया सिलवाल वि. नानीमैया खड्का* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** ०६४-WO-०८४४, उत्प्रेषणयुक्त परमादेश, *दिलीपकुमार कर्ण वि. शंकरलाल केडियासमेत*

कुनै कम्पनीमा काम गर्ने व्यक्तिले के कस्तो शर्त बन्देजमा कम्पनीमा के कस्तो सुविधा

र हैसियतमा काम गर्न तोकिएको थियो त्यसको आधिकारिकता पुष्टि हुने नियुक्तिपत्र वा त्यस्तो कुनै लिखत कागज प्रमाणको रूपमा पेश दाखिला गर्न सकेको देखिन्न । विपक्षी केडिया अर्गनाइजेशन कहिलेदेखि कानूनी अस्तित्वमा रहेछ त भनी हेर्दा उक्त प्रा.लि.मिति २०५७।४।९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रदान गरिएको प्रमाणपत्रबाट देखिन्छ । निवेदकले विपक्षी कम्पनी २०५५।९।१ अगाडिदेखि नै अस्तित्वमा रहेको भने पनि र निवेदनमा सोही कुराको दावी गरे पनि निजले सो कुराको अस्तित्त्व प्रतितलायक कुनै प्रमाण दिन सकेको छैन । यस अवस्थामा निवेदकले दावी गरी २०५५।९।१ देखि नै सो कम्पनीमा काम गरेको भन्ने भनाई कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको उक्त प्रमाणपत्रबाट खण्डित हुन गै निवेदकको विश्वसनीयतामाथि नै प्रश्न चिन्ह खडा हुन आएको हुँदा लिखित प्रमाणको अगाडि मौखिक भनाइले कुनै प्रमाणिक महत्त्व नराख्ने ।

निवेदक दिलीपकुमार कर्णले आफू विपक्षी केडिया अर्गनाइजेशन प्रा.लि.मा मिति २०५५।९।१ गतेदेखि कार्यालय सचिवको रूपमा कार्य गरी आएको भने तापनि सो विपक्षी अर्गनाइजेशन विधिवत् दर्ता भई अस्तित्वमा आएको मिति २०५७।४।९ भन्दा अगाडिदेखि नै यी निवेदकले अस्तित्त्वमा थियो भनी अमुक अविश्वसनीय तर्क उठाई कुनै वस्तुगत तथ्य र प्रमाण पेश गरी पुष्टि गर्न नसकेको अवस्थामा मिसिल संलग्न निवेदक र विपक्षीहरूको सबूद प्रमाणको मूल्याङ्कन र विवेचना गरी श्रम कार्यालय बागमतीको मिति २०५८।११।२ को निर्णयउपर परेको पुनरावेदनमा यी निवेदकको दावी नपुग्ने गरी श्रम अदालतबाट भएको विधिसम्मत फैसलाबाट निवेदक दिलीपकुमार कर्णको हकमा संविधानप्रदत्त संवैधानिक तथा कानूनी हकमा आघात पुगेको भन्ने अवस्था देखिन्न । अतः श्रम अदालतबाट भएको मिति २०६४।४।२१ को फैसला कानूनसम्मत भै मिलेकै देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरी रहनु पर्ने अवस्था देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर सेटिङ्ग : विश्वराज पोखरेल

इति सम्वत् २०६८ साल चैत २१ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६४-WO-०८४५, उत्प्रेषणयुक्त परमादेश, *दिलीपकुमार कर्ण वि. शंकरलाल केडियासमेत* भएको मुद्दामा पनि यसैअनुसार निर्णय भएको छ ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-WO-०६४१, उत्प्रेषणयुक्त परमादेश, *सुरेशप्रसाद साहसमेत वि. गीतादेवी कुर्मीसमेत*

मिति २०५७।६।३० को लिखतको सन्दर्भमा मिति २०५७।८।७ मा लिखत बदर मुद्दाको फिराद दायर भै तहतह हुँदै यस अदालतबाट मिति २०६३।१०।१८ मा अन्तिम फैसला भएको देखिन्छ भने रिट निवेदक र निजका बाबुबीचको अंश मुद्दामा फिराद मिति २०५८।५।७ मा दायर भै २०५८।११।१२ मा भएको मिलापत्रको रोहमा अन्तिम भै मिलापत्रबमोजिम मा.पो.का.बाट कार्यान्वयन समेत भैसकेको देखिन्छ । उक्त मिलापत्र तथा सोको कार्यान्वयन सम्बन्धमा छुट्टै नालिस उजूर दायर भएको भन्न मिसिल कागजातबाट देखिँदैन । लिखत बदर मुद्दाको २०६३।१०।१८ को अन्तिम

फैसला कार्यान्वयनको सन्दर्भमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क को आधारमा कारवाही प्रारम्भ गर्दा प्रस्तुत विवादको उठान भएको देखियो । उक्त नियम ७८क को प्रावधान यस प्रकार देखिन्छ ।

७८क. निवेदनबाट कारवाही गर्ने (१) फैसला कार्यान्वयनको अवस्थामा रहेको कुनै मुद्दासँग सम्बन्धित चल वा अचलन सम्पत्तिको हक कुनै किसिमबाट हस्तान्तरण गरिएको भएमा र मुद्दाका पक्षले निवेदन दिएमा अदालत त्यस्तो सम्पत्ति लेनदेन गर्ने व्यक्तिलाई स्रोत दिने म्याद जारी गरी बुझी सोही मिसिलबाट कारवाही र किनारा गर्नसक्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनउपर कारवाही र किनारा गर्ने कार्य न्यायाधीशको इजलासबाट हुनेछ ।

फैसला कार्यान्वयनको सन्दर्भमा कारवाहीयुक्त रहेको अवस्थामा फैसला कार्यान्वयनलाई प्रभावित गर्न भएको हक हस्तान्तरणलाई सम्म छुट्टै नालिस गर्नु नपर्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत लिखत बदर मुद्दाको अन्तिम फैसला कार्यान्वयनको दरखास्त परेपछि भएको हक हस्तान्तरण नभै लिखत बदर मुद्दामा शुरू फैसला हुनुपूर्वकै स्थितिमा भएको हस्तान्तरणलाई पछि लागू भएको नियम ७८क को आधारमा कार्यान्वयन गर्न मिल्ने देखिँदैन । प्रस्तुत मुद्दाकै तथ्यसँग मेल खाने निवेदक देवशरण साहसमेत विपक्षी पुनरावेदन अदालत, जनकपुरसमेत भएको ०६४-WO-०२९० को रिट निवेदनमा मिति २०६७।११।१२ मा फैसलाबाट विवाद सिर्जना हुँदा प्रचलनमा नरहेको नियमावलीको प्रावधान आकर्षित नहुने भनी प्रस्तुत मुद्दामा उठान भएको प्रश्नको सम्बोधनसमेत भैसकेको स्थितिमा प्रस्तुत मुद्दाको पुनरावेदन अदालत हेटौंडाको मिति २०६६।९।२ को आदेश कानूनसम्मत नदेखिँदा उल्लिखित कानूनी व्यवस्था तथा प्रतिपादित नजीरसमेतको प्रतिकूल देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल असोज १९ गते रोज ६ शुभम् ।

## इजलास नं. ५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६६-CR-०७६२, आयकर (०५८-०५९), बारा रामपुर टोकनी गा.वि.स. वडा नं. ३ स्थित *कन्सेप्ट फर्मास्युटिकल्स नेपाल प्रा.लि.को तर्फबाट अधिकारप्राप्त सञ्चालक गौर गोपाल बोस (जि.जि.) वि. कर फछ्र्यौट आयोग, लाजिम्पाटसमेत*

निर्णय अव्यक्त हुन सक्दैन । करदाताले संशोधित कर निर्धारण आदेश पूर्व करदातालाई सोध्ने कार्य औपचारिकता मात्र हुन सक्दैन । करदाताले जवाफमा उल्लेख गरेका माग दावी र जिकीर अनुपयुक्त छन् भने आधारसहित निर्णय आदेश गरिनुको तात्पर्य ती आधारको उपल्लो तहबाट न्यायिक परीक्षण हुन सकोस् भन्ने हो । अदालतले निर्णयभित्र व्यक्त नभएका कारण खोजिरहन सक्दैन । यो अदालतको जिम्मेवारी पनि होइन प्रस्तुत विवादमा २०६३।९।२४ मा आन्तरिक राजस्व कार्यालय, सिमरा, बारामा निवेदकले संशोधित कर निर्धारण सूचनामा उल्लेख भएका कुरामा असहमति प्रकट गर्दै आधारसहित प्रतिवाद गरेका छन् भने २०६३।९।३० मा कर फछ्र्यौट आयोगले कुनै छानबीनसम्म नगरी

देखाएको नोक्सानीका विषय सीधै अस्वीकार गरी निर्णय गरिएको पाइँदा यसरी अव्यक्त, अकारणयुक्त, समुचित रूपमा प्रतिवादको मौका नदिएको र कर फछ्र्यौट आयोग ऐन, २०३३ को भावनाविपरीतको निर्णय कायम रहन सक्ने स्थिति नरहने ।

कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ६ को उपदफा २ अनुसारको बुझ्नुपर्ने प्रमाण नबुझी एवं आयोगले करदातासँग आपसी कुराकानी (नेगोसिएशन) द्वारा कर निर्धारण गर्न सक्नेछ भन्ने व्यवस्थाको पालना नगरी एकतर्फी रूपमा कर फछ्र्यौट गर्ने गरी आयोगबाट भएको निर्णय उल्लिखित कानूनको त्रुटिपूर्ण हुनुको साथै प्राकृतिक न्यायको सिद्धान्त समेतको प्रतिकूल भएको देखिँदा बदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर सुदीप पंज्ञानी

इति संवत् २०६९ साल मंसिर २५ गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-१०१२, निषेधाज्ञा, *दीपावली श्रेष्ठसमेत वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

जिल्ला प्रशासन कार्यालय तथा प्रमुख जिल्ला अधिकारीले लेनदेन सम्बन्धमा कुनै कागज गराएको भन्ने लिखित जवाफबाट नदेखिएको र प्रमुख जिल्ला अधिकारीलाई लेनदेनसम्बन्धी विषयलाई लिएर कुनै पनि व्यक्तिलाई कागज गराउने अधिकार नभएको स्थितिमा निवेदन जिकीरअनुसार लेनदेन सम्बन्धमा कुनै कागज गराएको भए पनि त्यस्तो कागजले कानूनी मान्यता पाउनसक्ने अवस्था नरहने हुँदा त्यस सम्बन्धमा थप बोलिरहनु पर्ने देखिएन । यसप्रकार विपक्षी जिल्ला प्रशासन कार्यालयले निवेदकलाई लेनदेनसम्बन्धमा कागज गराउन लागेको तथा धरपकड गर्ने थुनामा राख्ने राख्न लगाउने जस्ता कुनै पनि अवस्थाको विद्यमानता नदेखिएकोले निवेदन मागअनुसारको निषेधाज्ञाको आदेश जारी हुने अवस्था नदेखिने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल कात्तिक २३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CI-१०१३, निषेधाज्ञायुक्त परमादेश, *सावित्री श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय, भक्तपुरसमेत*

निवेदकले मेरो ०-१-० (एक आना) जग्गा बाटोमा घुसाइएको भन्ने दावी लिएको र निवेदकको जग्गा बाटोमा घुसेको छ वा छैन र घुसेको भए के कति जग्गा घुसेको छ भन्ने सम्बन्धमा सम्बन्धित जग्गा तथा त्यसको चारैतर्फका जग्गाको नाप नक्सा गरी क्षेत्रफलसमेत यकीन गरी सबूद प्रमाणको मूल्याङ्कनको आधारमा तथ्यमा प्रवेश गरी निर्णय गर्नुपर्ने प्रकृतिको विषय भएको र त्यस्तो विषयमा नागरिक अधिकार ऐन, २०१२ अन्तर्गत पर्न आएको प्रस्तुत परमादेशको माग गरिएको निवेदनको माध्यमबाट हेर्न मिल्ने अवस्थामा पनि रहँदैन । यस्तो स्थितिमा निवेदन मागअनुसारको आदेश जारी हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल कात्तिक २३ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** फौ.पु.नं. ०६६-CR-०४४८, नागरिकता, *नेपाल सरकार वि. रामचन्द्र यादवसमेत*

प्रतिवादी मुरारीलाल गुप्ता भारतीय नागरिक भएको र निजले धनुषा जिल्लामा खटिएको नागरिकता टोलीलाई वंशजको आधारमा मिति २०५४।१।२५ मा नेपाली नागरिकता लिएको भन्ने तथ्यमा अदालतमा भएको निजको बयानसमेतबाट स्वीकार भएकोले विवाद गरिरहन परेन। अब, निजले उक्त नागरिकता लिएबापत नेपाल नागरिकता ऐन, २०२० को दफा १५ बमोजिम सजाय हुने नहुने सम्बन्धमा मात्र निर्णय दिनुपर्ने भई विचार गर्दा प्रतिवादी भारतीय नागरिक भएर पनि नेपाली नागरिक हुँ भनी वंशजको आधारमा २०५४ सालमा नागरिकता टोलीबाट नेपाली नागरिकता लिएको देखिन्छ। उक्त नागरिकता टोली, नागरिकता वितरण टोली कार्य निर्देशिका, २०५३ को आधारमा गठन भएको र यी मुरारीलाललाई नागरिकता दिने टोलीको प्रमुखमा कृषि विकास कार्यालयमा कार्यरत् व्यक्ति भानुभक्त मैनालीलाई तोकिएको देखिन्छ। यस प्रकारको नागरिकता टोलीको गठन र कार्य संविधान र प्रचलित नेपाल कानूनविपरीत भएकोले बदर गरिपाऊँ भनी अधिवक्ता बालकृष्ण नेउपानेले नेपाल सरकारका विरूद्ध दिएको २०५४ सालको रिट नं. २९८० को उत्प्रेषणको रिट निवेदनमा प्रमुख जिल्ला अधिकारीको मातहतमा रहेको बाहेकका कर्मचारीलाई नागरिकता टोलीको प्रमुख बनाई गठन गरेका नागरिकता वितरण टोलीले कानूनी मान्यता नपाउने भनी मिति २०५८।४।८ मा निर्णय भएकाले (*नेकाप* २०५८, नि.नं. ७०१९, पृष्ठ ४०७) त्यस्ता टोलीले वितरण गरेको सबै नागरिकता स्वतः बदर हुने भनी निर्णय भएको देखिन्छ।

प्रतिवादी मुरालीलाल गुप्तालाई तत्काल कृषि विकास कार्यालयमा कार्यरत् भानुभक्त मैनाली प्रमुख रहने गरी गठित टोलीबाट नागरिकता वितरण गरेको देखिँदा त्यस्तो नागरिकता पनि स्वतः बदर भै सम्पूर्ण कार्य नै शून्यमा पुगेको अवस्थामा रहेको देखिन्छ। त्यस्तै प्रतिवादीमध्येका निरञ्जनप्रसाद साहको के कुन कार्य कसूरजन्य हो भन्ने कुराको कुनै ठोस प्रमाण वादी पक्षबाट प्रस्तुत हुन सकेको देखिँदैन। निजलाई नागरिकता बनाई दिन दुई लाख रूपैया दिएको हुँ भनी अनुसन्धानको क्रममा प्रतिवादी मुरारीलाल गुप्ताले भने पनि अदालतमा बयान गर्दा नागरिकता बनाउन कसैलाई कुनै रकम दिएको छैन भनी बयान गरेको देखिन्छ। निजलाई दुई लाख रूपैयाँ दिएको भन्ने स्वतन्त्र र ठोस प्रमाणको अभावमा यी प्रतिवादीलाई अभियोग लगाएकोसमेत देखिन्छ। यसरी प्रतिवादी मुरारीलालसमेतलाई नागरिकता वितरण गर्ने टोलीले वितरण गरेको सम्पूर्ण नागरिकता वितरण गर्ने कार्य स्वतः प्रारम्भतः बदर भै शून्यको स्थितिमा पुगेको अवस्थामा त्यस्तो टोलीबाट नागरिकता लिने व्यक्तिलाई कसूरदार ठहऱ्याउनु न्यायसंगत् नहुने।

इति संवत् २०६९ साल मंसिर १९ गते रोज ३ शुभम्।

- फौ.पु.नं. ०६६-CR-०४४९, राहदानी, *नेपाल सरकार वि. मुरारीलालसमेत,* भएको मुद्दामा पनि यसैअनुसार निर्णय भएको छ।

## इजलास नं. ९

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको रिट नं. ०५६४,

२०६८ FN-०१९७, २०६८–FN-०२०५, उत्प्रेषणयुक्त परमादेशसमेत, *ललित ताम्राकार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक ललित ताम्राकारलाई नगर विकास ऐन, २०४५ को दफा ४.२.१ बमोजिम भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६७।१२।१८ को निर्णयअनुसार सो मन्त्रालयको च.नं. २९० र मिति २०६७।१२।२२ को पत्रले दुई वर्षको लागि टीकापुर नगर विकास समितिको अध्यक्ष पदमा मनोनयन गरिएकोमा आफ्नो पदावधि बाँकी छँदाछँदै निवेदकलाई कुनै आरोप पनि नलगाई निजलाई कानूनी प्रक्रिया अपनाई पदबाट कुनै कारवाही एवं निर्णय गरी हटाउने पत्रसमेत दिएको देखिन आएन । कानूनअनुरूप नियुक्त निवेदकको २ वर्ष पदावधि बाँकी रहेको अवस्थामा मन्त्रीस्तरको निर्णय भनी मिति २०६८।७।१४ मा भएको निर्णय एवं त्यसरी हटाउनु पूर्व प्रतिवाद गर्ने मौकासमेत नदिई च.नं. २०८ मिति २०६८।७।१६ को पत्रबाट विपक्षी उमेशकुमार श्रेष्ठलाई नगर विकास समितिको अध्यक्ष पदमा नियुक्ति गरिएको भनिएको उक्त निर्णय एवं पत्रसमेत स्वेच्छाचारी एवं कानूनी त्रुटिपूर्ण भएको देखिएकोले उक्त निर्णय एवं पत्रलगायतका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । रिट निवेदक ललित ताम्राकारलाई मनोनयन गरिएको दुई वर्षको कार्य अवधिसम्म उक्त अध्यक्ष पदमा कामकाज गर्न दिनु भनी परमादेशको आदेश जारी हुने ठहर्छ । रिट निवेदक ललित ताम्रकारलाई साविक पदमा कामकाज गर्न दिनु भनी यस अदालतबाट मिति २०६८।९।१९ मा भएको अन्तरिम आदेश बदर गरिपाउँ भनी नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयसमेतको तर्फबाट पर्न आएको FN-२०५ को निवेदन र सचिव र ऐ. मन्त्रीको FN १९७ निवेदनहरू माथि उल्लिखित आधार कारणहरूबाट रिट निवेदन नै जारी भैसकेको अवस्थामा जारी रहेको अन्तरिम आदेश बदर गरिपाउँ भन्ने प्रत्यर्थीहरूको माग दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः हरिहर पौड्याल
कम्प्युटरः शम्भुप्रसाद साह
इति संवत् २०६९ साल बैशाख १७ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६८ सालको रिट नं. ०६५३, २०६८ FN-०२२०, २०६८–FN-०२२१, उत्प्रेषणयुक्त परमादेशसमेत, *लाजुराम चौधरीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## पूर्ण इजलासमा पेश हुने

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६५-CI-०५५९, मोही लगत कट्टा, *मु.स.गर्ने गोपालप्रसाद राजवंशी वि. अनिर राजवंशी*

भोगबन्धकीमा जग्गा भोग गर्ने साहूले मोहीको हैसियत प्राप्त गर्नसक्ने कानूनी व्यवस्था नरहेको एवं त्यसरी भोगबन्धकीमा जग्गा भोग गरेको हैसियतबाट मोही हक प्राप्त हुन नसक्ने भन्ने विवेचना भएअनुसार *नेकाप* २०३१ नि.नं. ८७१, *नेकाप* २०४३, नि.नं. २६२६, *नेकाप* २०४२, नि.नं. २६६८ मा यस अदालतबाट सिद्धान्त कायम भएको देखिन्छ, त्यसै गरी अर्कोतर्फ साधिकार निकाय भूमि प्रशासन कार्यालयमा मुद्दाका पक्षहरू बीच भएको मिलापत्र कहिँकतैबाट बदर भई अन्तिम

भैरहेको तथा निर्णयको अन्तिमताको सिद्धान्तलाई यस अदालतले *नेकाप* २०५४, नि.नं. ६३६३ लगायतका मुद्दामा स्थापित सिद्धान्तको रूपमा स्वीकार गरी आएको देखिएकोले विवादित कि.नं. ७१ को जग्गामा भोगबन्धकी साहूको रूपमा जग्गा भोग गर्ने साहू प्रतिवादी गोविन्दलाल राजवंशीको भूमि प्रशासन कार्यालयमा भएको मिलापत्रबमोजिम कायम भएको मोही कायम रहन सक्छ सक्दैन भन्ने सम्बन्धमा जटिल कानूनी प्रश्न उपस्थित रहेको देखियो । यस्तो जटिल कानूनी प्रश्नको निरूपण पूर्ण इजलासबाट हुन उपयुक्त देखिएकोले प्रस्तुत मुद्दाको संयुक्त इजलासको दायरीको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) बमोजिम पूर्ण इजलाससमक्ष पेश गर्नू ।

इजलास अधिकृत: कमलप्रसाद पोखरेल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल मंसिर ११ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६५-CI-०५६०, भोग बन्धकी निखनाईपाउँ, *मु.स. गर्ने गोपालप्रसाद राजवंशी वि. अनिर राजवंशी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## रीत/वेरीत आदेश

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-RE-००७८, सालकको खपडा ओसारपसार, *दिनेश रोक्का वि. नेपाल सरकार*

बरामदी मुचुल्कामा निवेदक प्रतिवादीलाई रोहबरमा राख्दा सामान धनी भन्ने व्यहोरा उल्लेख भैरहेको देखिँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी पुर्पक्षको निमित्त थुनामा राखी कारवाही गर्ने भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।६।१९ मा भएको आदेशमा तत्काल परिवर्तन गर्नुपर्ने अवस्था देखिएन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल चैत ७ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६९-RE-०१६९, लागू औषध, *नेपाल सरकार वि. मुकेशकुमार दाससमेत*

यसमा पुनरावेदन अदालत पाटनको मिति २०६९।४।२३ को आदेशबाट लागू औषध मुद्दाका प्रतिवादीहरूमध्ये गणेशप्रसाद सिंहलाई मात्र अ.बं. २०२ नं. बमोजिम छलफलका लागि झिकाइएको देखिएको तर उक्त लागू औषध मुद्दामा निज बाहेक अन्य प्रतिवादीहरू पनि रहेको देखिएको छ । अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाउँदा विपक्षीहरूमध्ये कसलाई झिकाउने र कसलाई नझिकाउने भनी छनौट गर्ने व्यवस्था नदेखिएको र अन्य विपक्षीहरू झिकाउनु नपर्ने कारण पुनरावेदन अदालतको आदेशमा उल्लेख भएकोसमेत नदेखिएकोले मुद्दामा पूर्ण तवरले इन्साफ गर्ने प्रयोजनका लागि अ.बं. २०२ नं. बमोजिम छलफलका लागि अन्य प्रतिवादीहरूलाई समेत झिकाई बुझी कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल चैत २ गते रोज ६ शुभम् ।

३

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा**, नि.नं. ०६९-RE-०१८३, उत्प्रेषण, *रविप्रतापसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत*

यसमा यसै विषयमा यिनै निवेदक र विपक्षी भएको उत्प्रेषण रिट विचाराधीन रहेको भनी प्रस्तुत रिट निवेदन दरपीठ गरेको देखियो । निवेदकले उक्त रिट निवेदनमा बढुवा नियुक्तिपत्र

बदरतर्फ दावी नभएको र प्रस्तुत रिट निवेदन बढुवा नियुक्ति पत्र बदरको लागि समेत दर्ता गर्न आएको भनी जिकीर लिएको देखिएकोले सो विषय इजलासबाट निरोपण हुने प्रकृतिको हुँदा मिति २०६९।९।२६ को दरपीठ आदेश बदर गरिदिएको छ । प्रस्तुत रिट निवेदन दर्ता गर्नू । साथै के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार कारण भए यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र सम्बन्धित मिसिल कागजात साथै राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी यो आदेश र रिट निवेदनको एकप्रति नक्कल समेत साथै राखी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेतलाई सूचना दिई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा दिनु । विपक्षी नवराज सिलवाल समेतको हकमा बाटाका म्याद बाहेक १५ दिनभित्र आफैं वा कानूनबमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको नक्कलसहित सूचना दिई लिखित जवाफ परेपछि वा सोको अवधि व्यतीत भएपछि यी निवेदकले दायर गरेको रि.नं. ०६९-WO-०६३६, को रिट निवेदनको सुनुवाइमा असर नपर्ने गरी विचाराधीन भए लगाउमा राखी र फैसला भैसकेको भए फैसलासहितको रेकर्ड मिसिल साथै राखी नियमबमोजिम पेश गर्नू ।

इति संवत् २०६९ साल चैत ६ गते रोज ३ शुभम् ।

४

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा**, नि.नं. ०६९-AP-०३१८, हक कायम, *नारायणदेवी महर्जन वि. देवनारायण महर्जन*

यसमा यिनै निवेदक प्रतिवादी नै वादी भएको लगाउको हक कायम मुद्दाको पुनरावेदन दर्ता भई विचाराधीन रहेको भन्ने देखिँदा प्रस्तुत मुद्दामा समेत कानूनबमोजिम पुनरावेदन गरेबापतको कोर्टफी लिई पुनरावेदन दर्ता गरिदिनु पर्नेमा उपरजिष्ट्रारबाट भएको मिति २०५९।८।१० को दरपीठ आदेश मिलेको देखिँदैन । उपरजिष्ट्रारबाट भएको सो आदेशउपर परेको निवेदनका सम्बन्धमा केन्द्रित भई आदेश बोल्नु पर्नेमा विषयान्तर भई पुनरावेदन नै नलाग्ने भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।८।२२ मा भएको आदेशसमेत बेरीतको देखिँदा उक्त दुबै आदेशहरू बदर गरिदिएको छ । अन्य कुरामा रीत पुगेको भए निवेदकले दिएको पुनरावेदन दर्ता गरी लगाउको हक कायम मुद्दासमेत एकैसाथ राखी कारवाही र किनारा गर्नू ।

इति संवत् २०६९ साल चैत २ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६९-AP-०३२७, परमादेश, *अधिवक्ता सुनील रञ्जन सिंह वि. स.प्र.न्या.श्री खिलराज रेग्मी*

यसमा प्रस्तुत रिट निवेदन दर्ता हुनु अघि यसै विषयसँग सम्बन्धित रिट निवेदन दर्ता भई कारवाहीयुक्त अवस्थामा रहेको भनी यस अदालतका रजिष्ट्रारको आदेशमा उल्लेख भएको र वर्तमान समयमा निवेदनमा उल्लिखित संवैधानिक व्यवस्थाहरूको अतिरिक्त मन्त्रिपरिषद्को सिफारिशअनुसार राष्ट्रपतिबाट मिति २०६९।११।३० मा बाधा अड्काउ फुकाउने आदेश जारीसमेत भैसकेको देखिँदा मिति २०६९।११।१७ मा दर्ता गराउन ल्याइएको प्रस्तुत रिट निवेदनको सन्दर्भ वर्तमान समयमा

औचित्यपूर्ण नदेखिएकोले यस अदालतका रजिष्ट्रारबाट भएको मिति २०६९।११।१७ को आदेशलाई निवेदन मागबमोजिम बदर गरिरहनु परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल चैत ११ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६९-AP-०३०८, परमादेश, *कोषराज काफ्लेसमेत वि. सम्माननीय राष्ट्रपतिसमेत*

यसमा प्रस्तुत रिट निवेदन दर्ता हुनु अघि यसै विषयसँग सम्बन्धित रिट निवेदन दर्ता भई कारवाहीयुक्त अवस्थामा रहेको भनी यस अदालतका रजिष्ट्रारको आदेशमा उल्लेख भएको र वर्तमान समयमा निवेदनमा उल्लिखित संवैधानिक व्यवस्थाहरूको अतिरिक्त मन्त्रिपरिषद्को सिफारिशअनुसार राष्ट्रपतिबाट मिति २०६९।११।३० मा बाधा अड्काउ फुकाउने आदेश जारीसमेत भैसकेको देखिँदा मिति २०६९।११।१ मा दर्ता गराउन ल्याइएको प्रस्तुत रिट निवेदनको सन्दर्भ वर्तमान समयमा औचित्यपूर्ण नदेखिएकोले यस अदालतका रजिष्ट्रारबाट भएको मिति २०६९।११।१ को आदेशलाई निवेदन मागबमोजिम बदर गरिरहनु परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल चैत ८ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-RE-०१७६, सरकारी छाप दस्तखत कीर्ते, *रामप्रसाद लम्साल वि. नेपाल सरकार*

यसमा निवेदक प्रतिवादीले शुरू म्यादै गुजारी बसेकोमा विवाद देखिँदैन । शुरूमा म्याद गुजारी फरार रहेको व्यक्तिको हकमा First surrender then hear को सिद्धान्त लागू नै नहुने भन्न मिल्ने नदेखिँदा यस अदालतका सहरजिष्ट्रारबाट भएको मिति २०६९।९।२३ को दरपीठ आदेशमा कुनै परिवर्तन गरिरहनु परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल चैत ९ गते रोज ६ शुभम् ।

## अन्तरिम आदेश

१

**माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल** २०६९-WO-०९७६, उत्प्रेषण, *अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली समेत वि. राष्ट्रपतिको कार्यालय समेत*

अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा बिचार गर्दा, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ अनुसार मिति २०६९।११।३० गतेमा जारी भएको बाधा अड्काउ फुकाउने आदेशानुसार सम्माननीय प्रधान न्यायाधीश वर्तमान समयमा अन्तरिम चुनावी मन्त्रिपरिषद्को अध्यक्षको कार्य सम्पादन गरी रहनु भएको र अहिलेको परिस्थितिमा निजको प्रधान न्यायाधीशको हैसियतमा कार्य गर्ने कुनै भूमिका नहुने हुँदा कार्यकारिणीको अध्यक्षको हैसियतले कार्य गरी रहनु भएको निजबाट स्वतन्त्र न्यायपालिकाको कार्यक्षेत्रमा कुनै प्रतिकूल प्रभाव नपरोस् भन्ने उद्देश्यले निजले सो जिम्मेवारी सम्हालेसम्मको अवधिको लागि निजलाई मन्त्रिपरिषद्को अध्यक्ष मात्रले परिचित हुन अन्तरिम आदेश जारी गरी दिइएको छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई नियमानुसार गर्नू ।

इति सम्वत् २०६९ साल चैत्र ५ गते रोज २ मा शुभम् ।

२

**माननीय न्यायाधीश श्री सुशीला कार्की,** ०६९-WO-०९९८, उत्प्रेषण परमादेश, *अधिवक्ताओमप्रकाश अर्याल वि.राष्ट्रपतिको कार्यालय काठमाडौंसमेत*

२०६२।२०६३ को जनआन्दोलनको छानबीन सम्बन्धी उच्चस्तरीय रायमाझी आयोगको प्रतिवेदनले दोषी ठहर गरी कारवाहीको लागि सिफारिश गरेका विपक्षी पूर्व मुख्य सचिव लोकमान सिंह कार्कीलाई उच्चस्तरिय राजनीतिक समितिको सहमतिबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा नियुक्तिको लागि वर्तमान मन्त्रिपरिषद्का अध्यक्ष एवं संवैधानिक परिषद्का अध्यक्षसमक्ष सिफारिश गर्दा अन्तरिम संविधानको धारा ११९(५)(ङ) को प्रावधान र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ५(२) मा संवैधानिक पदमा नियुक्तिको लागि सिफारिश गर्दा निजको सामाजिक प्रतिष्ठा, उच्च नैतिक चरित्र, इमानदारिता, निज प्रतिको जनभावना तथा निजले पहिले गरेको सेवा र पेशागत अनुभवसमेतका निश्चित् मापदण्ड निर्धारण भएकोमा सो समेतका प्रावधानको प्रतिकूल हुने गरी नियुक्ति गर्न प्रस्तावित गरेको हुँदा प्रस्तुत मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म उक्त सिफारिश कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश समेतको निवेदन माग दावी रहेको पाइन्छ ।

विपक्षी लोकमान सिंह कार्कीको नियुक्तिको प्रस्ताव गर्ने निकाय भनिएको उच्चस्तरीय राजनीतिक समिति नेपालको अन्तरिम संविधान, २०६३ अर्न्तगतको संवैधानिक निकाय नभएकोमा उक्त निकायको नियुक्तिको प्रस्तावको वैधानिकता, मूल्य मान्यता र औचित्य पनि विचारणीय हुनुका अतिरिक्त संविधानको धारा ११९(५)(ङ) र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ५(२) को सन्दर्भलाई विचार गर्दा यस्तो दुरगामी असर पर्ने नियुक्तिको प्रक्रिया वर्तमान अन्तरिम चुनावी मन्त्रिपरिषद्बाट हुनुपर्ने हो वा होइन ? त्यस सम्बन्धमा समेत छलफल गरी निर्णय गर्न उपयुक्त हुने हुँदा हाललाई निज विपक्षी लोकमान सिंह कार्कीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रमुख आयुक्तमा नियुक्तिको लागि सिफारिश प्रक्रिया कार्यान्वयन नगर्नु, नगराउनु र हाल जे-जो अवस्थामा छ, यथास्थितिमा राख्नु भनी विपक्षीहरूका नाममा यो अन्तरिम आदेश जारी गरिदिएको छ । यो अन्तरिम आदेशले निरन्तरता पाउने नपाउने सम्बन्धमा छलफल गर्न विपक्षीहरूलाई मिति २०६९।१२।२५ गतेको तारेख तोकी नियमानुसार पेश गर्नू ।

इति संवत् २०६९ साल चैत ९ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-wo-०९३१, परमादेश, *रामबहादुर तामाङ वि. ऊर्जा मन्त्रालयसमेत*

यस्तै प्रकृतिको विवाद समावेश भएको यस अदालतमा विचाराधीन संवत् २०६९-wo-०६२७ को उत्प्रेषणको निवेदनलगायतका अन्य निवेदनमा अन्तरिम आदेश जारी भैरहेको देखिएकोले मिति २०६९।६।१५ को राजपत्रमा प्रकाशित सूचनाबमोजिम वृद्धि भएको अनुमति दस्तूर निवेदक कम्पनीको हकमा आकर्षित हुने नहुने विषयमा प्रस्तुत रिट निवेदनको अन्तिम निर्णय हुँदाका बखत निरोपण हुने नै हुँदा हाल विद्युत विकास विभागबाट निवेदकका नाउँमा जारी भएको मिति २०६९।७।२० को पत्र तत्काल कार्यान्वयन नगरी साविकबमोजिम निवेदकको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र दिनेसम्बन्धी कारवाही अगाडि बढाउनु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी

गरिदिएको छ । यसको सूचना विपक्षीहरूलाई दिई नियमानुसार पेश गर्नू ।

इति संवत् २०६९ साल चैत ७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-wo-०९७१, उत्प्रेषण परमादेश, *अधिवक्ता दीपकविक्रम मिश्रसमेत वि. मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

यसमा अन्तरिम आदेशसमेत जारी गरिपाऊँ भन्ने मागका सम्बन्धमा विचार गर्दा बालाजु बाइसधारा उद्यान पर्यावरण, वातावरण, धर्म, संस्कृति, प्राचीन स्मारक र पुरातत्वसँग सम्बन्धित सरोकारको विषयसमेत समाविष्ट भएको देखिएकोले उक्त स्थानको स्थिति परिवर्तन हुने गरी सार्वजनिक सडक बनाउने कार्यबाट उल्लिखित सम्पदामा प्रतिकूल असर पर्नसक्ने देखिएकोले उक्त स्थानमा सडक बनाउने कार्यलाई अगाडि नबढाई यथास्थितिमा राख्नु भनी अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ । सो आदेशलाई निरन्तरता दिने वा नदिने भन्ने सम्बन्धमा विपक्षीहरू समेतलाई राखी छलफल गरी निष्कर्षमा पुग्न उपयुक्त हुने देखिँदा सो प्रयोजनको लागि मिति २०६९।१२।२९ को छलफल पेशी तोकी सोको सूचना विपक्षीहरूलाई दिई नियमानुसार पेश गर्नू ।

इति संवत् २०६९ साल चैत १२ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-wo-०९२२, उत्प्रेषण परमादेश, *मुनिलाल चौधरी वि. कृषि विकास मन्त्रालयसमेत*

निवेदकले अन्तरिम आदेशसमेत जारी गरिपाऊँ भनी माग गरेको सम्बन्धमा विचार गर्दा मिति २०६८।११।२९ को निर्णयानुसार पशु क्वारेन्टाइन कार्यालय, वीरगञ्जमा सरूवा भई कार्यरत् रहँदै आएको अवस्थामा पुनः मिति २०६९।५।२१ को निर्णयानुसार पशु रोग अन्वेषण प्रयोगशाला विराटनगरमा सरूवा गरेउपर यस अदालतमा दायर भएको रिट नं. ०६९-wo-०४३२ को रिट निवेदनमा निवेदनको अन्तिम टुङ्गो नलागेसम्म मिति २०६९।५।२१ को निर्णय र मिति २०६९।६।१८ को पत्र कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी यस अदालतबाट अन्तरिम आदेश जारी भैरहेको र हालसम्म कायम रही अन्यथा नभएको अवस्थामा सोको प्रतिकूल हुने गरी पुनः मिति २०६९।१०।२६ मा निर्णय भएको र सो निर्णय कार्यान्वयन गर्न मिति २०६९।१०।२८ र मिति २०६९।११।४ मा पत्राचारहरू भएको देखिएकोले उक्त निर्णय तथा पत्राचारहरू यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनू यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश जारी गरिदिएको छ । सोको सूचना विपक्षीहरूलाई दिनू ।

इति संवत् २०६९ साल चैत ४ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-wo-०९२३, उत्प्रेषण, *पूर्णबहादुर विष्ट वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले अन्तरिम आदेशसमेत जारी गरिपाऊँ भनी माग गरेको सम्बन्धमा विचार गर्दा निवेदकको सरूवा २०६९।४।३२ को निर्णयानुसार जि.वि.स.को कार्यालय, रूकुमबाट मालपोत कार्यालय, ललितपुरमा सरूवा भएकोमा पुनः मिति २०६९।६।२ को निर्णयानुसार १३८ जना कर्मचारीको सरूवा रद्द भएकोमा निवेदकको पनि सरूवा बदर

भएको पाइयो । उक्त मिति २०६९।६।२ को सरूवा रद्द निर्णयउपर यसै सन्दर्भमा दायर भएको रिट नं. ०६९-wo-०५५२ को उत्प्रेषणको रिट निवेदनमा समेत मिति २०६९।६।२ को निर्णय रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नु नगराउनू भनी अन्तरिम आदेश जारी भएको हुँदा निवेदकको मिति २०६९।४।३२ को निर्णयले भएको सरूवा बिना आधार कारण पुनः २०६९।६।२ मा सरूवा रद्द गर्ने निर्णय विवादास्पद हुँदा माथि उल्लेख भएको रिटमा अन्तरिम आदेश जारी भैरहेको देखिँदा प्रस्तुत रिट निवेदनमा पनि उक्त मिति २०६९।६।२ मा भएको सरूवा रद्द गर्ने निर्णय यो रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नु नगराउनू भनी अन्तरिम आदेश जारी गरिदिएको छ । सोको सूचना विपक्षीहरूलाई दिनू ।

इति संवत् २०६९ साल चैत ४ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-wo-०९३४, परमादेशसमेत, *भोजराज पौडेल वि. चितवन जिल्ला अदालत, भरतपुरसमेत*

निवेदकले अन्तरिम आदेशसमेत जारी गरिपाऊँ भनी माग गरेको सम्बन्धमा विचार गर्दा निवेदकउपर विपक्षीहरूले दायर गरेको दे.नं. २७-०६७-००३०८ को मुद्दामा तामेल भएको भनिएको मिति २०६७।९।२७ को तामेली म्यादको मिसिल संलग्न प्रतिलिपी हेर्दा बेपत्ते तामेल गरेको देखिनुको साथै सार्वजनिक ठाउँ भनी बिजुलीको पोलमा तामेल गरेको पाइएको र स्थानीय प्रतिनिधिको रूपमा रहेका गा.वि.स. सचिवको नामसमेत फरक पर्ने गरी अ.बं. ११० नं. र अ.बं. ११२ को कानूनी व्यवस्थाविपरीत म्याद तामेल भएको देखिन आएको अवस्थामा त्यस्तो तामेलीबाट निवेदकको हक नै जाने भई अपूरणीय क्षति पुग्न जाने हुँदा यो रिट निवेदनको अन्तिम किनारा नभएसम्म उक्त मुद्दाको कुनै पनि कामकारवाही अगाडि नबढाउनू, कार्यान्वयन नगर्नू नगराउनू भनी अन्तरिम आदेश जारी गरिदिएको छ सोको सूचना विपक्षीहरूलाई दिनू ।

इति संवत् २०६९ साल चैत ४ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-wo-०९६२, उत्प्रेषण परमादेश, *विजय लामासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल सरकार स्थानीय विकास मन्त्रालयअन्तर्गत पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना सञ्चालन गर्न कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) र स्थानीय विकास मन्त्रालयबीच सम्झौता भई हुम्ला जिल्लामा उक्त आयोजना सञ्चालन गर्ने सिलसिलामा दुई चरणको आयोजना सफलतापूर्वक सम्पन्न भई तेस्रो चरण (Third Phase) को लागि मिति २०६९।४।१ देखि मिति २०७३।३।३१ सम्मको अवधिको लागि कार्यक्रम सञ्चालन गर्न मिति २०६९।६।२६ मा जि.वि.स. हुम्लासँग सम्झौता भई निरन्तर रूपमा योजना सञ्चालन भैरहेको जसबाट प्रत्यक्ष रूपमा ८००० घर परिवारको उत्थानको लागि आयोजना सञ्चालन गर्ने क्रममा स्थानीय ३२ जना कर्मचारीहरू नियुक्तसमेत गरी निजहरू उक्त आयोजना सञ्चालन गर्न कार्यरत रहेको अवस्थामा उक्त आयोजना बन्द गर्नुपर्ने अवस्था तथा कारणहरूसमेत नखुलाई उक्त आयोजनाको Memorandom of Understanding (MOU) को दफा

देहाय १० र ११ को परिस्थितिसमेत नरहे नभएको अवस्थामा २०६९ साउनदेखि सञ्चालित आयोजनालाई निवेदकहरूको जिल्ला हुम्लाबाट हटाउँदा स्थानीय रूपमा लाभ प्राप्त गर्ने जनता र नियुक्त कर्मचारीहरूमा अपूरणीय क्षति पुग्न जाने हुँदा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६९।११।१७ को निर्णय र सोबमोजिम भएका कामकारवाहीहरू यो रिट निवेदनमा अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल चैत ४ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-wo-०८८९, परमादेश, *सिद्धकाली पावर लिमिटेडसमेत वि. ऊर्जा मन्त्रालयसमेत*

निवेदक सिद्धकाली पावर लिमिटेडले मिति २०६५।४।१० मा विद्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्र (संख्या वि.वि.वि. ०६४।६५ वि.उ.स. ३७१) प्राप्त गरी सर्भेक्षण गरी आएकोमा सो अनुमतिपत्रबाट तोकिएको क्षेत्रलाई संशोधित गर्ने गरी मिति २०६८।१।२७ मा पत्र दिएको देखिन्छ । निवेदकले मिति २०६८।८।५ मा नै सो क्षेत्र संशोधनका निम्ति समय बढाउन माग गर्नुका साथै विपक्षी विद्युत विकास विभागको नाममा मिति २०६९।३।१५ मा ने.रा.बैं. भौचर नं. ९०९५९३ बाट अनुमतिपत्र नवीकरण दस्तूरबापत २,०००,००।- समेत जम्मा गरेको देखिएको अवस्थामा निवेदक कम्पनीले थप नवीकरण दस्तूर बुझाउन इच्छुक नरहेको भनी विपक्षी ऊर्जा मन्त्रालयको सचिवबाट भएको मिति २०६९।१०।१५ को निर्णय र सो निर्णयको आधारमा विद्युत विकास विभागको मिति २०६९।१०।१८ को पत्रद्वारा निवेदक कम्पनीको उल्लिखित अनुमतिपत्र रद्द गरिएको देखिन्छ । यसरी निवेदक कम्पनीले अनुमतिपत्रबमोजिम विद्युत उत्पादनको सर्भेक्षणमा आफ्नो स्रोत साधन र श्रम लगानी गर्नुका साथै अनुमतिपत्रको नवीकरण दस्तूर समेत मिति २०६९।३।१५ मा नै बैंकमा धरौट राखी बुझाई सकेको अवस्थामा एकाएक अनुमतिपत्र रद्द गरिदिँदा निवेदक कम्पनीलाई अपूरणीय क्षति हुन पुग्ने अवस्थाको विद्यमानता समेत देखियो । अतः मिति २०६९।६।१५ को राजपत्रमा प्रकाशित सूचनाबमोजिम वृद्धि भएको नवीकरण दस्तूर निवेदक कम्पनीको हकमा आकर्षित हुने नहुने सम्बन्धमा प्रस्तुत रिट निवेदनको अन्तिम निर्णय हुँदाका बखत निरूपण हुने नै हुँदा विपक्षी ऊर्जा मन्त्रालयका सचिवबाट निवेदक कम्पनीको अनुमतिपत्र रद्द गर्ने गरी भएको मिति २०६९।१०।१५ को निर्णय तथा सो निर्णयका आधारमा विपक्षी विद्युत विकास विभागबाट निवेदकको नाममा जारी भएको मिति २०६९।१०।१८ को पत्र र सो सम्बन्धमा भएका कामकारवाहीसमेत कार्यान्वयन नगर्नू, नगराउनू एवं निवेदक कम्पनीलाई विद्युत उत्पादनको सर्वेक्षण गर्न दिएको तल्लो चमेलिया जलविद्युत आयोजनाको सर्वेक्षणसम्बन्धी अनुमतिपत्र अन्य कसैलाई नदिनु, नदिलाउनु र निवेदकलाई साविकबमोजिमकै दस्तूर लिई नवीकरण र म्याद थपसम्बन्धी निर्णय गर्नू भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ । आदेशको सूचना विपक्षीहरूलाई दिनू ।

इति संवत् २०६९ साल चैत ७ गते रोज ४ शुभम् ।

# सर्वोच्च अदालतका प्रकाशनहरू

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३ (भाग १ देखि १४)
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसंक्षेप संग्रह, २०६९

**भाग १: संवैधानिक कानून**

**भाग २: सार्वजनिक सरोकार**

**भाग ३: मानव अधिकार तथा लैंगिक न्याय**

**भाग ४: देवानी कानून: सम्पत्ति**

**भाग ५: देवानी कानून: पारिवारिक**

**भाग ६: फौजदारी कानून: सरकारवादी**

**भाग ७: फौजदारी कानून: दुनियावादी**

**भाग ८: कार्यविधि कानून: देवानी**

**भाग ९: कार्यविधि कानून: फौजदारी**

**भाग १०: उद्योग वाणिज्य र कर**

**भाग ११: राष्ट्रसेवक कर्मचारी**

- न्यायपालिकाको दोस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अंग्रेजी अनुवाद, २००३, २०१०, २०११ र २०१२
- अदालतसम्बन्धी नियमावली/निर्देशिका/न्यायाधीश आचारसंहिता (संशोधित संस्करण), २०६९
- फैसला कार्यान्वयन सम्बन्धमा सर्वोच्च अदालतका केही निर्णयहरू, २०६९